संघीय संसद

राष्ट्रिय सभा

सोह्रौं अधिवेशन

बैठक-१०

२०८१ जेठ २० गते, आइतवार

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:२२ बजे*
*बैठक स्थगित : ४:२९ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको दसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२२ बजे प्रारम्भ भयो।

सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री वर्षमान पुनलाई "आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्रीले पेस गर्नुभएको प्रस्तावमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको जानकारी गराउनुभयो । उक्त छलफलमा देहायबमोजिमको माननीय सदस्यहरूले भाग लिनुभयो:

१ मा. जग प्रसाद शर्मा
२ मा. कृष्ण बहादुर रोकाय
३ मा. देवेन्द्र दाहाल
४ मा. डा. बेदुराम भुसाल
५ मा. मोहम्मद खालिद
६ मा. झक्कु प्रसाद सुवेदी
७ मा. नारायण दत्त मिश्र
८ मा. तुलसा दाहाल
९ मा.राजेन्द्र लक्ष्मी गैरे
१० मा. भुवन बहादुर सुनार
११ मा.विष्णु कुमारी सापकोटा
१२ मा. सुरेश कुमार आलेमगर
१३ मा. दुर्गा गुरुङ
१४ मा. उर्मिला अर्याल

त्यसपछि, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूबाट अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै पनि सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै माननीय उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीलाई "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ स्वीकृत गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "मिडिया काउन्सिल विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले "मिडिया काउन्सिल विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१ मा. देवेन्द्र दाहाल

२ मा. मदन कुमारी शाह (गरिमा)

३ मा. तुलसा कुमारी दाहाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले सभामा जवाफ दिनुभयो । सम्माननीय अध्यक्षले उक्त प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "मिडिया काउन्सिल विधेयक, २०८०" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति २०८१ साल जेठ २१ गते सोमवार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव